# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

विधान २०४७ को

## पाँचौं संशोधित एवम् परिमार्जित विधान २०६३

कनकाई बहुमुखी क्याम्पस कनपा, सुरुङ्गा, झापा परिमार्जित विधान-२०७३

विषय सूची

प्रस्तावना :-


परिच्छेद-१

| क.सं. | विषय सूची | पेज नं. |
|---|---|---|
| | **प्रारम्भिक** | |
| १.१ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| १.२ | परिभाषा | १ |
| १.३ | क्याम्पसको नाम र अवस्थिति | २ |
| १.४ | क्याम्पसको छाप, चिन्ह र हस्ताक्षर | २ |
| १.५ | उद्देश्य | २ |
| १.६ | कार्यालय तथा क्याम्पस सिमाक्षेत्रको निर्धारण | २ |
| | **परिच्छेद-२** | |
| | **क्याम्पस सभा** | |
| २.१ | क्याम्पस सभा गठन | ४ |
| २.२ | क्याम्पस सभाको काम, कर्तव्य र अधिकार | ५ |
| २.३ | क्याम्पस सभाको बैठक | ६ |
| २.४ | क्याम्पस सभाको गणपूरक संख्या | ६ |
| | **परिच्छेद-३** | |
| | **सञ्चालक समिति** | |
| ३.१ | संचालक समितिको गठन | ७ |
| ३.२ | संचालक समितिको पदावधि | ७ |
| ३.३ | संचालक समितिको काम, कर्तव्य र अधिकार | ७ |
| ३.४ | संचालक समितिको बैठक र कार्यविधि | ९ |
| ३.५ | अध्यक्षको काम, कर्तव्य र अधिकार | ९ |
| ३.६ | उपाध्यक्षको काम, कर्तव्य र अधिकार | १० |
| ३.७ | सदस्य सचिवको काम, कर्तव्य र अधिकार | १० |
| ३.८ | कोषाध्यक्षको काम, कर्तव्य र अधिकार | १० |
| ३.९ | सदस्यहरुको काम, कर्तव्य र अधिकार | १० |
| ३.१० | संचालक समितिका पदाधिकारी र सदस्यहरुको पदरिक्तता | १० |
| ३.११ | संचालक समितिका पदाधिकारी र सदस्यहरुको पदपूर्ति | ११ |
| | **परिच्छेद-४** | |
| | **विभिन्न समितिहरु** | |
| ४.१ | सल्लाहकार समिति | १२ |
| ४.२ | पदावधि | १२ |
| ४.३ | बैठक | १२ |
| ४.४ | काम, कर्तव्य र अधिकार | १२ |
| ४.५ | लेखा समिति | १२ |
| ४.६ | पदावधि | १२ |


कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा स्था: २०४७

४.७ काम, कर्तव्य र अधिकार १२
४.८ निर्माण समिति १२


परिच्छेद-५

क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र विभागीय प्रमुख


५.१ क्याम्पस प्रमुख १३
५.२ क्याम्पस प्रमुखको व्यवस्था तथा काम, कर्तव्य र अधिकार १३
५.३ क्याम्पस प्रमुखको पद रिक्तता १४
५.४ सहायक क्याम्पस प्रमुखको व्यवस्था तथा काम, कर्तव्य र अधिकार १४
५.५ कार्यक्रम संयोजक १४
५.६ शिक्षण विभाग तथा विभागीय प्रमुख १४


परिच्छेद-६

प्राध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था


६.१ पद सृजना १६
६.२ पद विभाजन १६


परिच्छेद-७

चन्दादाता सम्बन्धी व्यवस्था


७.१ चन्दादाता १७
७.२ चन्दादाताको वर्गीकरण १७
७.३ चन्दादाता वा निजको उत्तराधिकारी १७
७.४ अचल सम्पत्ति पनि चन्दाको रुपमा प्रदान हुने १७


परिच्छेद-८

आचारसंहिता


८.१ संचालक समितिको आचारसंहिता १८
८.२ शिक्षक र कर्मचारीहरुको आचारसंहिता सम्बन्धि व्यवस्था १८


परिच्छेद-९

प्राध्यापक संघ, कर्मचारी संघ र स्वतन्त्र विद्यार्थी युनियन


९.१ प्राध्यापक संघ १९
९.२ कर्मचारी संघ १९
९.३ स्वतन्त्र विद्यार्थी युनियन १९


परिच्छेद-१०

विविध


१०.१ विविध २०

अनुसूची-१ २१
अनुसूची-२ २२


अध्यक्ष

# प्रस्तावना

ऐतिहासिक जनआन्दोलन पश्चात पुनर्स्थापित बहुदलीय प्रजातान्त्रिक वातावरणमा त्रिभुवन विश्वविद्यालयबाट २०४७ सालमा सम्बन्धन प्राप्त गरी स्थानीय जनआकांक्षा अनुरुप नाफारहित उद्देश्यले समुदायबाट स्थापना भैसकेको यस कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गाको संचालन तथा समुचित व्यवस्थापन गर्दै बहुमुखी क्याम्पसलाई भविष्यमा वृहत एवं व्यापक रुपमा परिणत गराउने लक्ष्य अनुसार क्याम्पस सञ्चालन तथा व्यवस्थापन गर्न साविक विधान २०४७ लाई परिमार्जन गर्न वाञ्छनीय भएकोले सम्बन्धित सबै पक्षको राय सल्लाह र सुझाव लिई यो पाँचौं संशोधित विधान परिमार्जन गरिएको छ ।

# परिच्छेद - १
## प्रारम्भिक

*१.१ संक्षिप्त नाम र प्रारम्भ :*

(क) यस विधानको नाम "कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापाको विधान" (पाँचौं संशोधित एवं परिमार्जित २०७२) हुनेछ ।

(ख) यो विधान क्याम्पस सभाले पारित गरेको मितिदेखि लागु हुनेछ ।

*१.२ परिभाषा :*

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा –

(क) "क्याम्पस" भन्नाले यस विधान अनुसार स्थापित "कनकाई बहुमुखी क्याम्पस"लाई सम्झनु पर्नेछ ।

(ख) "सभा" भन्नाले कनकाई बहुमुखी क्याम्पसको "क्याम्पस सभा"लाई सम्झनु पर्ने छ ।

(ग) "सञ्चालक समिति" भन्नाले यस "कनकाई बहुमुखी क्याम्पसको सञ्चालक समिति"लाई सम्झनु पर्ने छ ।

(घ) "पदाधिकारी" भन्नाले क्याम्पस सभाका अध्यक्ष र उपाध्यक्ष, सञ्चालक समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव, कोषाध्यक्ष र अन्य समितिका प्रमुखलाई सम्झनुपर्नेछ ।

(ङ) "क्याम्पस प्रमुख" भन्नाले कनकाई बहुमुखी क्याम्पसको "क्याम्पस प्रमुख"लाई सम्झनु पर्नेछ ।

(च) "सहायक क्याम्पस प्रमुख" भन्नाले क्याम्पस प्रमुखको अधिनमा रही क्याम्पसको शैक्षिक र प्रशासनिक कार्य गर्न नियुक्त भएको व्यक्तिलाई जनाउँछ ।

(छ) "चन्दादाता" भन्नाले क्याम्पसको हितको लागि आफूले कबोल गरेको रकम वा अन्य चलअचल सम्पत्ति क्याम्पसलाई पूर्णरुपमा प्रदान गर्ने महानुभावलाई जनाउँछ ।

(ज) "विधान" भन्नाले "कनकाई बहुमुखी क्याम्पसको विधान-२०७२" भन्ने बुझ्नुपर्नेछ ।

(झ) "ऐन" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्बन्धि ऐन तथा अन्य शिक्षा सम्बन्धि ऐन सम्झनु पर्नेछ ।

(ञ) "नियम" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्बन्धि नियमहरुलाई सम्झनु पर्नेछ ।

(ट) "नियमावली" भन्नाले यस विधान अन्तर्गत निर्माण गरिने नियमावलीलाई सम्झनुपर्छ ।

(ठ) "विनियम" भन्नाले यस विधान अन्तर्गत निर्माण गरिने विनियमहरुलाई सम्झनु पर्छ ।

(ड) "शिक्षक" भन्नाले क्याम्पसमा अध्यापन गर्ने प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक, सहायक प्राध्यापक (शिक्षण सहायक) तथा प्रशिक्षक समेतलाई जनाउने छ ।

अध्यक्ष

(ढ) "प्राध्यापक" भन्नाले यस क्याम्पसमा प्राध्यापन गर्नको लागि प्राध्यापक, सह-प्राध्यापक, उप-प्राध्यापक, सहायक प्राध्यापक (शिक्षण सहायक) तथा प्रशिक्षक पदमा नियुक्ति स्थायी, अस्थायी, करार र आंशिक प्राध्यापकलाई जनाउनेछ ।

(ण) "कर्मचारी" भन्नाले क्याम्पसको प्रशासनिक कार्यका लागि नियुक्त जुनसुकै पदका लागि स्थायी, अस्थायी, करार र आंशिक कर्मचारीलाई जनाउनेछ ।

(त) "विद्यार्थी" भन्नाले क्याम्पसमा नियमित अध्ययनरत छात्र-छात्राहरूलाई जनाउनेछ ।

*१.३. क्याम्पसको नाम र अवस्थिति :*

(क) यस क्याम्पसको नाम कनकाई बहुमुखी क्याम्पस रहेको छ ।

(ख) यो क्याम्पस सुरुङ्गा, झापामा अवस्थित छ ।

*१.४. क्याम्पसको छाप, चिन्ह र हस्ताक्षर :*

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाको विधान को अनुसूची १ मा उल्लेख भए अनुसारको छुट्टै छाप, चिन्ह रहनेछ । क्याम्पसबाट हुने कुनै किसिमको लिखित कार्यमा उल्लेखित छाप र सम्बन्धित पदाधिकारीको हस्ताक्षर अनिवार्य मानिनेछ । सो नभएको कार्यमा क्याम्पस जवाफदेही भएको मानिने छैन ।

*१.५. उद्देश्य (Objectives) :*

यो विधान, निम्न लिखित उद्देश्य प्राप्तिका लागि सधैं मार्ग निर्देशक बन्नेछ :

(क) क्याम्पसलाई व्यवस्थित, मर्यादित तथा मितव्ययी तवरबाट सञ्चालन गर्ने ।

(ख) न्यूनतम शुल्कमा सर्वसुलभ ढंगले गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

(ग) अनुशासित, मर्यादित, तालिम प्राप्त र अनुसन्धानमुखी दक्ष जनशक्ति उत्पादन गर्ने ।

(घ) अनुसन्धान तथा खोजमूलक कार्यमा जोड दिई प्राज्ञिक उन्नयन गर्ने ।

(ङ) क्याम्पसको सञ्चालन र आर्थिक व्यवस्थापन समुदायबाट गर्ने ।

*१.६. कार्यालय तथा क्याम्पसको क्षेत्राधिकारको निर्धारण :*

कार्यालय तथा क्याम्पस सीमा क्षेत्रको निर्धारण सञ्चालक समितिले तोकेबमोजिम हुनेछ । सञ्चालक समितिले तोकेको कार्यालय वा सीमा क्षेत्र भित्र देहायमा लेखिएका कुरा गर्न गराउन पूर्णरुपमा बन्देज गरिनेछ । यदी कसैले गरे गराएमा कसुरको मात्रा र प्रकृति हेरी दण्ड जरिवाना वा कार्वाही का लागि सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ ।

क) सञ्चालक समिति वा क्याम्पस प्रमुखको इजाजत बेगर कुनै पनि किसिमको सभा सम्मेलन वा नाराजुलुस गर्न ।

ख) कुनै पनि किसिमको मादक पदार्थ, लागु पदार्थ, आदि सेवन गर्न वा बाहिर सेवन गरी तोकेको क्षेत्रमा प्रवेश वा आवात जावत गर्न ।

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा

अध्यक्ष

ग) कसैलाई हातपात, गाली, बेइज्जत गर्न वा अश्लील शब्द प्रयोग गरी लेख्न वा बोल्न ।

घ) कुनै हात हतियार वा अवान्छनीय मालवस्तु लिई प्रवेश गर्न ।

ङ) हुल हुज्जत, जबरजस्ति, दवाव, तोडफोड, कुटपिट, घेराउ तथा अभद्र व्यवहार गर्न ।

च) क्याम्पसका दिवाल भित्ता, कक्षाकोठा वा ब्ल्याक बोर्ड आदिमा जथाभावि लेख्न वा कोर्न ।

छ) क्याम्पसले तोकेको पहिरन तथा भेषभूषाभन्दा फरक भेषभूषा तथा पहिरनमा अध्ययन गर्न ।

ज) क्याम्पस क्षेत्र भित्र रहेका वन पैदावार हानीनोक्सानी गर्न वा फोहोर मैला थुपार्न ।

झ) अध्ययन अध्यापनमा बाधा पर्ने गरी कुनैपनि किसिमको कार्य गर्न ।

ञ) क्याम्पसले निषेधित भनि तोकेका कुनै पनि काम कार्वाहीहरु गर्न गराउन ।

## परिच्छेद – २

## क्याम्पस सभा

*२.१. क्याम्पस सभाको गठन :*

(क) व्यापक जनसहभागिता जुटाउन, सामुदायिकीकरणको मर्म अनुसार सञ्चाल गर्न, लोकतान्त्रिक मूल्य मान्यता अनुरूप अगाडि बढाउन क्याम्पसलाई सक्षम बनाई सुव्यवस्थित तरिकाले सञ्चालन, सम्वर्द्धन र संरक्षणका साथै आवश्यक नियन्त्रण, निर्देशन गर्नका निम्ति क्याम्पसको सर्वोच्च अङ्गका रूपमा क्याम्पस सभा रहनेछ ।

(ख) क्याम्पस स्वीकृति हुनुभन्दा अगाडि क्याम्पस स्थापना गर्न चन्दा दिने महानुभावहरु संस्थापक चन्दादाता हुनेछन् ।

(ग) यसको गठन निम्न बमोजिम हुनेछ :

(१) सञ्चालक समितिका पदाधिकारी र सदस्यहरू .................... सबै

(२) वरिष्ठ संरक्षक चन्दादाताहरू .................... ५०%

(३) संरक्षक चन्दादाता मध्येबाट .................... ४०%

(४) वरिष्ठ सल्लाहकार चन्दा दाता मध्येबाट .................... ३०%

(५) सल्लाहकार चन्दा दाता मध्येबाट .................... २०%

(६) सहयोगी चन्दा दाता मध्येबाट .................... १५%

(७) साधारण चन्दा दाता मध्येबाट .................... ७%

(८) सामान्य चन्दा दाता मध्येबाट .................... ३%

(९) कनकाई नगरपालिका मेयर .................... १ जना

(१०) कनकाई उद्योग वाणिज्य संघका अध्यक्ष .................... १ जना

(११) कनकाई नगरपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि ..१/१ जना

(१२) सम्बन्धित निर्वाचन क्षेत्रका सांसद वा सभासद (प्रत्यक्षबाट निर्वाचित) .......... १ जना

(१३) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु .................... १/१ जना

(१४) सञ्चालक समितिका पूर्व अध्यक्षहरु ....................

(१५) पूर्व क्याम्पस प्रमुखहरु ....................

(१६) क्याम्पस क्षेत्रका सम्बन्धित प्रदेशसभाका निर्वाचित सदस्य ..... १ जना

(१७) क्याम्पस प्राध्यापक संघ इकाइ समितिका सभापति .................... १ जना

(१८) कनकाई नगरपालिका भित्रका सामुदायिक र साविक सुरुङ्गा गाविस भित्रका संस्थागत मा.वि. का प्रधानाध्यापकहरु र शिवसताक्षी नगरपालिकाको बालनिकुञ्ज मा.वि. का प्रअ ............१/१ जना

(१९) मौजुदा संचालक समितिले चन्दादाता मध्येबाट महिला, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी र समाजका प्रबुद्ध व्यक्तिहरुबाट मनोनित सदस्यहरु ...... ७ जना

अध्यक्ष

(२०) सहायक क्याम्पस प्रमुखहरु ........................... 1

(२१) कनकाई बहुमुखी क्याम्पस स्ववियूका सभापति........................... १ जना

(२२) क्याम्पस कर्मचारी संघका सभापति ........................................ १ जना

(२३) राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका विद्यार्थी संगठन (यस क्याम्पसमा अध्ययनरत प्रतिनिधिहरु)

........................................................................१/१ जना

(२४) सुरुङ्गा खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष वा प्रतिनिधि..............१ जना

(२५) निर्वाचित निवर्तमान सल्लाहकार समितिका संयोजक तथा सदस्यहरु...........१५ जना

(२६) क्याम्पस सभाका निवर्तमान अध्यक्ष र उपाध्यक्ष.....................२ जना

(२७) निवर्तमान लेखा समितिका संयोजक र सदस्यहरु.................३ जना

*(ग) क्याम्पस सभा सदस्यको पदावधि र चयनविधि :*

(१) सभाका मनोनित, पदेन तथा निर्वाचित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । तर पदेन सभा सदस्य पद धारण गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(२).पदेन र मनोनित सदस्यहरू बाहेक दफा २.१.को उपदफा (ख) को (२) देखि (८) सम्मका चन्दा दाताहरूबाट प्रतिनिधित्व हुने सदस्यहरूको चयन सर्वसम्मत नभएमा तत्-तत् श्रेणी वा वर्गका चन्दादाताका उमेद्वारहरूलाइ चन्दादाताहरूले निर्वाचित गरी पठाउन सक्नेछन् ।

**२.२. क्याम्पस सभाको काम, कर्तव्य र अधिकार :**

क्याम्पस सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) क्याम्पस सभाको अध्यक्ष र उपाध्यक्षको चयन गर्ने ।

ख) क्याम्पस संचालक समितिको गठन र रिक्त हुनआएको पद परिपूर्ति गर्ने ।

ग) क्याम्पस सञ्चालनको लागि आवश्यक नीति तर्जुमा गरी सोही अनुरूप क्याम्पस सञ्चालन भएनभएको निरीक्षण गर्ने ।

घ) संचालक समिति एवं क्याम्पस प्रमुखले पेश गरेका वार्षिक कार्य योजना तथा आय व्ययको लेखा परीक्षकबाट प्रस्तुत प्रतिवेदन छलफल गरि पारित गर्ने ।

ङ) समितिले पेश गरेको वार्षिक बजेट उपर छलफल गरि अनुमोदन गर्ने र भावि कार्य योजनाको दिशा निर्देश गर्ने ।

च) क्याम्पसको प्रगति हुने अन्य कार्यहरू गर्ने ।

छ) क्याम्पस सञ्चालक समितिको निर्णय उपर कुनै शिक्षक कर्मचारीको आफूसँग सम्बन्धित विषयमा चित्त नबुझेमा सो निराकरण गर्नका लागि एक तीन सदस्य पुनरावेदन समिति गठन गर्ने ।

अध्यक्ष

ञ) क्याम्पस सञ्चालक समिति, समितिका पदाधिकारी वा सदस्य उपर अविश्वास प्रस्ताव आएमा सो उपर कार्वाही गर्ने ।

झ) क्याम्पस सभाका २५% सदस्यले क्याम्पस सभामा अविश्वास प्रस्ताव राख्न सक्नेछन् र क्याम्पस सभाका उपस्थित दुई तिहाई सदस्यले सो अविश्वास प्रस्ताव अनुमोदन गरेमा सो प्रस्ताव पारित भएको मानिनेछ ।

ञ) लेखा समिति गठन गर्ने ।

ट) विधानको अन्तिम व्याख्या क्याम्पस सभाले गर्ने ।

ठ) सञ्चालक समितिद्वारा पेस भएको विधान को संशोधन स्वीकृत गर्ने ।

ड) सभाको बैठकको अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

ढ) क्याम्पस सभाको गठनका लागि विधानमा तोकिए अनुसारका प्रतिनिधिहरुको छनौट गर्ने ।

(ण) क्याम्पस सभा, क्याम्पस सञ्चालक समिति तथा लेखा समितिको चयनका लागि निर्वाचन समितिको गठन गर्ने ।

(त) क्याम्पस सञ्चालक समितिद्वारा संशोधित नियमावली अनुमोदन गर्ने ।

*२.३. क्याम्पस सभाको बैठक :*

(क) यस सभाको बैठक साधारणतया वर्षमा एक पटक क्याम्पस सञ्चालक समितिले तोकेको स्थान, मिति र समयमा बस्नेछ । तर एक तिहाई क्याम्पस सभाका सदस्यहरूले लिखित रूपमा क्याम्पस सभा गराउनका निम्ति क्याम्पस सभाका अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा एक महिनाभित्र अध्यक्षले क्याम्पस सभा बोलाउनु पर्नेछ ।

(ख) सभाको बैठकको अध्यक्षता सभाका अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् ।

(ग) सभाको बैठकको जानकारी क्याम्पस सञ्चालक समितिले बैठक मिति भन्दा सात दिन अगावै सभाका सदस्यहरुलाई लिखित एवं सञ्चार माध्यमहरुबाट जानकारी गराउनुपर्नेछ ।

*२.४. क्याम्पस सभाको गणपूरक संख्या :*

क्याम्पस सभाको गणपूरक संख्या क्याम्पस सभाको सम्पूर्ण संख्याको ५१ प्रतिशत हुनेछ । उक्त बैठक बस्नका लागि प्रथम पटक ५१ प्रतिशत सदस्यहरू उपस्थित नभएमा दोस्रो पटक कम्तिमा एक तिहाई सदस्यहरू उपस्थित हुनुपर्नेछ । दोस्रो पटक पनि गणपुरक संख्या नपुगेमा तेस्रो पटक उपस्थित सदस्य संख्या जति भएपनि गणपुरक मानिनेछ ।

अध्यक्ष

परिच्छेद – ३

सञ्चालक समिति

*३.१. संचालक समितिको गठन :*

सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछ :

१) क्याम्पस सभाले १७ सदस्यीय क्याम्पस सञ्चालक समिति गठन गर्नेछ ।

२)-अध्यक्ष सहित १० जना समिति सदस्यको चयन क्याम्पस सभाले गर्नेछ जसमा निम्न पदाधिकारी हुनेछन् ।

क) अध्यक्ष

ख) उपाध्यक्ष

ग) कोषाध्यक्ष

घ) सदस्यहरु ७ जना

२.१. निर्वाचित अध्यक्षको नाम क्याम्पस प्रमुखले त्रिवि उपकुलपतिको कार्यालयमा जानकारीका लागि अनुरोधपत्र लेखी पठाउने ।

३) निम्न बमोजिम क्याम्पस सञ्चालक समितिमा पदेन सदस्यहरु रहनेछन् ।

क) क्याम्पस प्रमुख - सदस्य सचिव

ख) स्थानीय निकायको अध्यक्ष (प्रमुख) वा निजले तोकेको जनप्रतिनिधि १ जना

ग) प्राध्यापक संघ क्याम्पस एकाइ समिति अध्यक्ष

घ) स्व.वि.यु. सभापति (चुन्ने चुनिने अधिकारबिना)

४) यस बाहेक अन्य तीन जना सदस्यहरु चन्दादाता मध्येबाट महिला, दलित, जनजाति, आदिवासी, समाजसेवी, शिक्षाप्रेमी, शिक्षासेवी, बुद्धिजीवी मध्येबाट क्याम्पस सञ्चालक समितिको बैठकले मनोनित गर्नेछ ।

*३.२. संचालक समितिको पदावधि :*

संचालक समितिका पदेन सदस्य बाहेक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र अन्य सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ । तर क्याम्पस सभाले अर्को सञ्चालक समिति गठन नगरुन्जेलसम्म पुरानै सञ्चालक समितिले कार्य गर्नेछ ।

*३.३. संचालक समितिको काम, कर्तव्य र अधिकार :*

संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखहरुको नियुक्ति गर्ने ।

(ख) क्याम्पसको लागि आवश्यक आर्थिक र भौतिक सम्पत्तिको व्यवस्था गर्ने ।

(ग) विश्वविद्यालय र परिषद् (उ.मा.शि.प) सँग क्याम्पसलाई सम्बन्धन प्राप्त गराउने ।

(घ) विश्वविद्यालय र परिषद्‌बाट स्वीकृत पाठ्यक्रम लागु गराउने ।

अध्यक्ष

(ङ) क्याम्पसमा आवश्यक प्राध्यापक एवं कर्मचारीहरुको नियुक्ति, पदस्थापन तथा बर्खास्तगी गर्ने । तर यस क्याम्पसमा कार्यरत प्राध्यापक तथा कर्मचारीहरुले कुनै दुई सत्रमा कार्य गरेमा पनि क्याम्पसको आर्थिक नियमावलीमा उल्लेख भए बमोजिम पारिश्रमिक पाउने गरी नियुक्ति पत्र एउटै मात्र दिनुपर्नेछ ।

(च) क्याम्पस प्रमुखको सिफारिस बमोजिम शिक्षक तथा कर्मचारीहरुलाई आवाश्यक मान सम्मानको व्यवस्था गर्ने ।

(छ) क्याम्पस संचालनमा सक्रिय रहने ।

(ज) क्याम्पसको चल अचल सम्पत्तिको संरक्षण गर्ने, सम्पत्तिको हक हस्तान्तरण गर्ने, कुनै सम्झौता, करार वा ठेक्कापट्टा गरि दिने लिने ।

(झ) क्याम्पसको लागि प्रदान गरिएको आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने ।

(ञ) क्याम्पसको चल अचल सम्पत्तिको संचालन, संरक्षण र रेखदेख गर्ने ।

(ट) विद्यार्थी भर्ना शुल्क वा अन्य विविध शुल्कहरुको निर्धारण गर्ने ।

(ठ) शैक्षिक गुणस्तर कायम गरि विशेष आर्थिक अनुदान प्राप्त गर्न सम्बन्धित निकायमा आवश्यक पहल गर्ने ।

(ड) क्याम्पसको शैक्षिक गतिविधि निरिक्षण गरि मार्गदर्शन प्रदान गर्ने ।

(ढ) त्रि. वि. र परिषद्द्वारा आयोजना गरिने तालिम, गोष्ठी र सेमिनारमा क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुलाई सहभागी गराउन आवश्यक पहल गर्ने गराउने ।

(ण) क्याम्पसको विकासमा आर्थिक सहयोग प्रदान गर्ने विभिन्न संघसंस्था एवं व्यक्तिलाई विधानमा तोकिए बमोजिम सम्मान प्रदान गरी सोको अभिलेख राख्ने ।

(त) शिक्षक तथा कर्मचारीहरुबाट माग भई आएको लामो बिदा (अवैतनिक र अध्ययन बिदा) को वास्तविकता अध्ययन गरी स्वीकृत वा अस्वीकृत गर्ने ।

(थ) विधान बमोजिम विभिन्न उपसमितिहरु गठन गर्ने ।

(द) क्याम्पस सभाप्रति पूर्ण उत्तरदायी भई सो सभाबाट आएको नीति निर्देशनहरुको पालन गर्ने गराउने ।

(ध) गत आर्थिक वर्षको आय-व्ययको विवरण तथा चालु आर्थिक वर्षको बजेट, वार्षिक कार्यक्रम, प्रगति विवरण तयार पारी क्याम्पस सभामा पेश गर्ने ।

(न) क्याम्पसका विद्यार्थी र कर्मचारीहरुको आवश्यक पोशाकको निर्धारण गर्ने गराउने ।

(प) क्याम्पस प्रमुख लामो बिदामा रहेको अवस्थामा सदस्य सचिवको काम कार्वाही गर्न सहायक क्याम्पस प्रमुखलाइ जिम्मेवारी दिने ।

(फ) विधान बमोजिम क्याम्पस सञ्चालक समितिका सदस्यहरुको मनोनयन गर्ने ।

(ब) सेवा, शर्त र आचार संहिता विपरित हुने गरी कार्य गरेमा क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुखलाई कार्बाही गरी हटाउन समेत सक्ने ।

भ) सल्लाहकार समिति गठन गर्ने ।

म) नियमावलीहरु संशोधन गरी अनुमोदनका लागि क्याम्पस सभामा पेश गर्नुपर्ने ।

य) लेखा परीक्षण गराउने ।

र) स्वतन्त्र विद्यार्थीको युनियनको निर्वाचनको व्यवस्था मिलाउने ।

ल) पदपुर्ति समितिको शिफारिसमा शिक्षक एवम् कर्मचारीको नियुक्ति र बढुवा गर्ने ।

व) क्याम्पस सभाको आयोजना गर्ने ।

श) क्याम्पसलाई आवशयक पर्ने जग्गा जमिन खरिद तथा बिक्री गर्न सक्ने, तर सो को अनुमोदन क्याम्पस सभाबाट गराउने ।

### ३.४. सञ्चालक समितिको बैठक र कार्यविधि :

(क) क्याम्पस सञ्चालक समितिको बैठक कम्तिमा महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(ख) सदस्य सचिवले अध्यक्षको अनुमति लिई सामान्यत: ३ दिनको पूर्व सूचना दिई बैठक बोलाउनेछन् तर विशेष परिस्थितिमा सो भन्दा कम अवधिमा पनि बैठक बोलाउन सक्नेछन् ।

(ग) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले, र दुवैको अनुपस्थितिमा उपस्थित ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

(घ) समितिको बैठकमा छलफल भएका विषय र निर्णय स्पष्ट रूपमा निर्णय पुस्तिकामा लेखी उपस्थित सदस्यहरूको हस्ताक्षर गराई राख्नु पर्नेछ ।

(ङ) कुल सदस्यको ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ र बैठकको निर्णय साधारण बहुमतद्वारा गरिनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन् ।

(च) नियमित बैठक नबोलाएमा वा हुन नसकेमा सम्पूर्ण सदस्य संख्याको २५ प्रतिशत सदस्यहरूले लिखित रूपमा बैठक माग गरेमा अध्यक्षले सो माग गरेको ७ दिनभित्र बैठक बोलाउन लगाउनेछन् । सो माग गरेको ७ दिनभित्र बैठक नबोलाएमा उपाध्यक्षले अर्को ७ दिनभित्रै बैठक बोलाउनु पर्नेछ र सो समयभित्र पनि बैठक नबोलाएमा सदस्य सचिवले बैठक बोलाउनेछन् ।

### ३.५. अध्यक्षको काम, कर्तव्य र अधिकार :

संचालक समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) संचालक समितिको बैठकको अध्यक्षता गर्ने ।

(ख) बैठकमा छलफलका लागि पेश हुने प्रस्तावहरु तयार पारी सदस्य सचिव मार्फत बैठकमा पेश गराउने ।

(ग) बैठकमा कुनै पनि विषयमा विवाद भई बराबर मत भएमा निर्णायक मत दिने ।

(घ) बैठक बोलाउन सदस्य सचिवलाई आदेश दिने ।

(ङ) क्याम्पस प्रमुखको भ्रमण आदेश, बिदा स्वीकृत गर्ने ।

(च) क्याम्पसको नियमित काम कार्बाहीको रेखदेख एवं सुपरिवेक्षण गर्ने गराउने ।

(छ) क्याम्पसको भौतिक र शैक्षिक उन्नतिका लागि जनसहभागिता जुटाउने ।

(ज) आफ्नो अनुपस्थितिमा अध्यक्षको काम गर्न समितिका उपाध्यक्षलाई निमित्त दिने ।

अध्यक्ष

(झ) संचालक समितिको मातहतमा रहेको क्याम्पसका सम्पूर्ण नगदी तथा जीन्सी सामानको समयसमयमा निरिक्षण गरि आवश्यक निति निर्देशन गर्ने ।

(ञ) संचालक समितिका सदस्यबाट आएको लिखित राजीनामा बैठकमा पेश गर्ने ।

(ट) बाहिरबाट आएका चिठीपत्र, निवेदन आदि कागजपत्रमा तोकादेश गरी राख्न लगाउने ।

## ३.६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको अनुपस्थितिमा सञ्चालक समितिको बैठक बोलाउने ।

(ख) अध्यक्षको अनुपस्थितिमा निमित्त वा का. वा. भई कार्य सम्पादन गर्ने ।

(ग) अध्यक्षको काममा सहयोग गर्ने ।

## ३.७. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

(क) क्याम्पसको क्याम्पस प्रमुख समितिको पदेन सदस्य सचिव रहनेछन् ।

(ख) सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(१) अध्यक्षको परामर्शमा समितिको बैठक बोलाउने ।

(२) अध्यक्षको परामर्शमा छलफलको एजेन्डा तयार गरी समितिको बैठकमा पेस गर्ने ।

(३) समितिको बैठकमा प्रस्तुत गरिने प्रतिवेदनहरू तयार गर्ने र पेस गर्ने ।

(४) क्याम्पस सभा तथा समितिले गरेका निर्णयहरू आफैले सम्पन्न गर्नुपर्ने भए आफैं गर्ने र नभए समिति, उपसमिति तथा शैक्षिक एवं प्रशासनिक पदाधिकारीहरूमार्फत सम्पन्न गर्ने, गराउने ।

(५) क्याम्पसको भौतिक तथा आर्थिक कारोबारको लेखा अध्यावधिक गर्ने, सुरक्षित राख्ने र राख्न लगाउने ।

(६) क्याम्पसको शैक्षिक र प्रशासनिक नेतृत्व गर्ने ।

(७) वार्षिक कार्यक्रम तयार गरी क्याम्पस सभामा पेश गर्ने ।

८) सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।

## ३.८. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

क) क्याम्पसको आर्थिक नियमावली बमोजिम लेखा प्रणाली राख्ने तथा लेखा निरीक्षण गर्ने गराउने ।

ख) दैनिक आम्दानी बैंक दाखिला गर्न लगाउने ।

ग) क्याम्पसको मुल खाताको सञ्चालन गर्ने ।

घ) आर्थिक सवालमा आवश्यक सुझाव दिने ।

ङ) चौमासिक पेश्की निकासा र आय-व्ययको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

## ३.९. सदस्यहरूको काम, कर्तव्य र अधिकार :

क) क्याम्पस हितका निमित्त रचनात्मक धारण राखी तदनुसार सुझावहरू दिने ।

ख) क्याम्पस सभा र सञ्चालक समितिमा भएका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने ।

ग) अध्यक्ष र सञ्चालक समितिले तोकेका अन्य कार्य गर्ने

## ३.१०. संचालक समितिका पदाधिकारी र सदस्यहरुको पद रिक्तता :

संचालक समितिका पदाधिकारी र सदस्यहरूको देहायको अवस्थाहरूमा पद रिक्त भएको मानिनेछ :-

(क) आफ्नो पदबाट लिखित राजीनामा दिनुपरेमा समितिको अध्यक्षले क्याम्पस सभाको अध्यक्ष सामु र उपाध्यक्ष तथा सदस्यहरुले अध्यक्ष मार्फत संचालक समितिमा राजीनामा पेश गर्ने ।

(ख) मानसिक संतुलन बिग्रिएको भनी प्रमाणित भएमा ।

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोग अदालतबाट प्रमाणित भएमा ।

(घ) बिना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा ।

(ङ) मृत्यु भएमा ।

(च) क्याम्पसको सम्पत्ति हिनामिना वा दुरुपयोग गरेको ठहर भई क्याम्पस सभाले हटाएमा ।

(छ) पदावधि समाप्त भएमा ।

(ज) समानान्तर शिक्षण संस्था खोली संचालन गरेमा वा त्यस्ता संस्थाहरुमा शेयर लगानी गरेमा ।

(समानन्तर संस्था भन्नाले कक्षा ११ र १२ भन्दा माथि बुझ्नुपर्नेछ ।)

***३.११. संचालक समितिका पदाधिकारी र सदस्यहरूको पद पूर्ति :***

संचालक समितिका पदाधिकारि र सदस्यहरूको पद दफा ३.१०. बमोजिम खाली वा रिक्त हुन आएमा जुन प्रकियाबाट पद पूर्ति गरिएको छ सोही प्रकियाबाट बाँकी अवधिका लागि पद पूर्ति गरिनेछ ।

अध्यक्ष

परिच्छेद – ४

विभिन्न समितिहरु :

क्याम्पस सञ्चालक समितिको अतिरिक्त क्याम्पसमा देहायका समितिहरु गठन हुनेछन् :

*४.१.१. सल्लाहकार समिति :*

वरिष्ठ चन्दादाता शिक्षाप्रेमी, समाजसेवी, महिला तथा बुद्धिजीवी मध्येबाट ७ सदस्यीय सल्लाहकार समिति क्याम्पस सञ्चालक समितिले गठन गर्नेछ ।

क) सल्लाहकार समितिको प्रथम बैठकले सल्लाहकार समितिको अध्यक्षको चयन गरिनेछ ।

*४.१.२. पदावधि :*

क) सल्लाहकार समितिका अध्यक्ष र सदस्यहरुको पदावधि ४ वर्ष हुनेछ ।

*४.१.३. बैठक :*

सल्लाहकार समितिले आवश्यकता अनुसार बैठकको आयोजना गर्नेछ ।

*४.१.४. काम, कर्तव्य र अधिकार :*

क्याम्पसको प्रगतिका लागि सञ्चालक समितिलाई आवश्यक राय, सुभाव र सल्लाह प्रदान गर्ने ।

*४.२.१. लेखा समिति :*

लेखा समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) लेखा समितिको संयोजक र दुई जना सदस्य क्याम्पस सभाले निर्वाचित गर्नेछ ।

*४.२.२. पदावधि :*

यसको पदावधि ४ वर्ष रहनेछ ।

*४.२.३. काम कर्तव्य र अधिकार :*

क) क्याम्पस सञ्चालक समितिको अध्यक्षको काम, कर्तव्य र अधिकारलाई कार्यान्वयनमा सहयोग प्रदान गर्ने ।

ख) क्याम्पसको आन्तरिक लेखा परीक्षण गर्ने र गर्न लगाउने ।

ग) क्याम्पसको लेखा शाखालाई आवश्यक निर्देशन दिने तथा लेखा सम्बन्धी अन्य आवश्यकीय व्यवस्था गर्ने ।

*४.३ निर्माण समिति :*

क) क्याम्पसको भवन लगायत विविध कुराहरु निर्माण गर्नका लागि आवश्यकतानुसार निर्माण समितिहरु निर्माण अवधिभरका लागि क्याम्पस सञ्चालन समितिले गठन गर्नेछ ।

ख) निर्माण कार्य सञ्चालनको लागि सञ्चालक समितिले आवश्यक रकम उपलब्ध गराउनेछ ।

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा स्था: २०४०

४.४ आर्थिक तथा प्रशासनिक व्यवस्था

क) आर्थिक तथा प्रशासनिक व्यवस्थाका लागि क्याम्पस एक स्वायत्त निकाय हुनेछ ।

परिच्छेद – ५

## *क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, संकाय संयोजक, कार्यक्रम संयोजक र विभागीय प्रमुख*

*५.१.१. क्याम्पस प्रमुख :*

(क) स्थायी, शैक्षिक नेतृत्व वहन गर्न सक्ने पूर्णकालीन व्यक्ति क्याम्पस प्रमुख हुनेछ ।

(ख) क्याम्पस प्रमुखको नियुक्ति सञ्चालक समितिले गर्नेछ ।

(ग) क्याम्पस प्रमुख प्रशासकीय तथा शैक्षिक पदाधिकारी हुनेछ । निजको पदावधि ४ वर्षको हुनेछ । सञ्चालक समितिले निजको पदावधि पुनः थप गर्न सक्नेछ । लगातार दुईपटक भन्दा बढी एउटै व्यक्ति क्याम्पस प्रमुख हुन पाइने छैन ।

(घ) क्याम्पस प्रमुख पूरा समय काम गर्ने वैतनिक पदाधिकारी हुनेछ ।

*५.१.२. क्याम्पस प्रमुखको भत्ता एवं सुविधा :*

क्याम्पस प्रमुखको काम गरे बापत सञ्चालक समितिले तोकेबमोजिम क्याम्पस प्रमुखलाई भत्ता एवं सुविधा दिइनेछ ।

*५.१.३. क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार :*

(क) क्याम्पसको शैक्षिक, आर्थिक प्रशासनिक जिम्मेवारी लिई सञ्चालन गर्ने,

(ख) सेवा, सर्त र आचारसंहिता विपरीत हुने गरी काम गर्ने शिक्षक तथा कर्मचारीलाई नियमानुसार कारवाहीको प्रकिया अगाडि बढाउने ।

(ग) शिक्षक तथा कर्मचारीको बिदा स्वीकृति गर्ने, कार्य विभाजन गर्ने, सेवाको अभिलेख राख्ने र कार्यसम्पादनको मूल्याङ्न गर्ने ।

(घ) क्याम्पस सञ्चालक समितिमा प्राध्यापक, कर्मचारीको दरबन्दी सिफारिस गर्ने र राय सुझाव पेस गर्ने ।

(ङ) क्याम्पसको वार्षिक बजेट तयार गरी लेखा समिति मार्फत क्यामपस सञ्चालक समिति समक्ष पेस गर्ने ।

(च) क्याम्पसको सबै दैनिक कामकारवाही माथि क्याम्पस प्रमुखको नियन्त्रण रहने छ ।

(छ) क्याम्पस सभा र सञ्चालक समितिको निर्णय क्याम्पस प्रमुखले कार्यान्वयन गर्नुपर्नेछ ।

(ज) यो विधान र यस अन्तर्गत बन्ने नियम विनियमको पालना गर्नु गराउनु क्याम्पस प्रमुखको कर्तव्य हुनेछ र क्याम्पस प्रमुखको विचारमा कामकारवाही नगरी नहुने आकस्मिक अवस्था आइपरेको छ भन्ने लागेमा अध्यक्षसँग समन्वय गरी आवश्यक देखेको उचित कामकारवाही गर्न सक्नेछ । सो कामलाई सञ्चालक समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

(झ) क्याम्पस प्रमुख उपस्थित हुन नसकेको अवस्थामा ज्येष्ठताका आधारमा सहायक क्याम्पस प्रमुखलाई सो नभएमा अन्य प्राध्यापकलाई निमित्त भई काम गर्न तोक्ने ।



अध्यक्ष

(ञ) प्राध्यापक तथा कर्मचारीहरुबाट आएको लिखित निवेदन तथा राजिनामा सञ्चालक समितिमा पेस गर्ने ।

*५.१.४. क्याम्पस प्रमुखको पद रिक्तता :*

निम्न अवस्थामा क्याम्पस प्रमुखको पद रिक्त भएको मानिनेछ ।

क) पदावधि समाप्त भई सञ्चालक समितिबाट पुन म्याद थप नभएमा ।

ख) निजको मृत्यु भएमा ।

ग) निजले पेस गरेको लिखित राजीनामा सञ्चालक समितिले स्वीकृत गरेमा ।

घ) बहुलाएमा वा मानसिक असन्तुलन भएको प्रमाणित भएमा ।

ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतले कसुर ठहराई कैदको सजाय दिएमा ।

च) दफा ३.३ को उपदफा "ख" बमोजिम सञ्चालक समितिबाट कार्वाही भई क्याम्पस सभाबाट अनुमोदन भएमा ।

**५.१.५ सहायक क्याम्पस प्रमुखको व्यवस्था**

क) एक वा एकभन्दा बढी सहायक क्याम्पस प्रमुखहरुको नियुक्ति गर्नुपरेमा क्याम्पसमा कार्यरत स्थायी शिक्षकमध्येबाट क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिले निर्णय गर्नेछ ।

ख) सहायक क्याम्पस प्रमुखको कार्यकाल २ वर्षको हुनेछ, तर क्याम्पस प्रमुखको सिफारिसमा पुन: २ वर्षका लागि थप गर्न सकिने छ ।

*५.२.१. सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार :*

क) क्याम्पस प्रमुखको कार्यसम्पादनमा सहयोग गर्ने ।

ख) क्याम्पस प्रमुखले तोकेका अन्य कार्य गर्ने ।

ग) विधानमा उल्लेखित र समितिले तोकेका अन्य कार्य गर्ने ।

घ) सहायक क्याम्पस प्रमुख प्रथमत: क्याम्पस तहमा सम्बन्धित संकायका लागि जिम्मेवार हुनेछ र सो बाहेक निजले क्याम्पस विधि तथा नियमावलीको अधिनमा रही क्याम्पस प्रमुखबाट प्रत्यायोजित काम गर्नेछ ।

ङ) क्याम्पस प्रमुख उपस्थित हुन नसकी सहायक क्याम्पस प्रमुख निमित्त भएको अवस्थामा आफू पनि उपस्थित हुन नसक्ने भए अन्य सहायक क्याम्पस प्रमुख वा प्राध्यापकलाई निमित्त भई काम गर्न तोक्ने ।

*५.२.२. सहायक क्याम्पस प्रमुखको भत्ता तथा सुविधा :*

सहायक क्याम्पस प्रमुखको भत्ता तथा सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

*५.३. संकाय संयोजक :* O

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

*५.४. कार्यक्रम संयोजक :* O

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

*५.६. शिक्षण विभाग तथा विभागीय प्रमुख :*

अध्यक्ष

यस सम्बन्धमा शैक्षिक प्रशासन नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ ।

अध्यक्ष

परिच्छेद-६

प्राध्यापक तथा कर्मचारी सम्बन्धि व्यवस्था :

*६.१. पद सृजना :*

१) क्याम्पस शिक्षक तथा कर्मचारी सम्बन्धी पदको सृजना र पदसंख्याको निर्धारण सञ्चालक समितिले गर्नेछ ।

२) त्यसरी सृजना भएको पद दर्ता गरी अभिलेखिकरण गरिनेछ ।

३) पद रिक्त नभई शिक्षक तथा कर्मचारी भर्ना गर्न पाइने छैन । तर यो व्यवस्थाले कक्षा भारको आधारमा आवश्यकता र औचित्यतालाई विचार गरी तोकिएको कक्षा भार लिने र कक्षा भारको आधारमा पारिश्रमिक पाउने गरी आंशिक, करार तथा ज्यालादारीमा शिक्षक र कर्मचारी नियुक्तिमा बाधा पुऱ्याएको मानिने छैन ।

*६.२. पद विभाजन :*

(क) शिक्षक तर्फ :-

- प्राध्यापक (Professor)
- सह-प्राध्यापक (Associate Professor)
- उप-प्राध्यापक (Lecturer)
- सहायक प्राध्यापक/शिक्षण सहायक (Teaching Assistant/Asst. Lecturer)
- प्रशिक्षक (Instructor)

(ख) कर्मचारी तर्फ :-

- प्रशासक (विशिष्ट श्रेणी) (Special Administrator)
- सह-प्रशासक (प्रथम श्रेणी) (First Rank Sub-Administrator)
- उप-प्रशासक (द्वितीय श्रेणी) (Second Rank Sub-Administrator)
- सहायक प्रशासक (तृतीय श्रेणी) (Assistant Administrator)
- लेखा अधिकृत (Account Officer)
- शाखा अधिकृत (Section Officer)
- हेड असिष्टेण्ट (Head Assistant)
- कार्यालय सहायक (Office Assistant)
- बुक चेकर, असिष्टेण्ट (Book Checker, Assistant)

(ग) सहयोगी कर्मचारी: हेड पियन, पियन, चौकीदार, माली, कुचीकार

यस सम्बन्धमा विस्तृत व्याख्या "कनकाई बहुमुखी क्याम्पस शिक्षक कर्मचारी नियमावली, आर्थिक नियमावली र शैक्षिक प्रशासन नियमावली २०६८" मा व्यवस्था भए बमोजिम हुनेछ ।

कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा, झापा

अध्यक्ष

परिच्छेद – ७
चन्दादाता सम्बन्धी व्यवस्था

७.१. *चन्दादाता :*

क्याम्पसलाई कुनै पनि समयमा चलअचल आर्थिक सहयोग गर्नुहुने व्यक्ति वा संस्थालाई चन्दादाता मानिनेछ ।

७.२. *चन्दादाताको वर्गीकरण :*

(क) क्याम्पसलाई कुनै पनि समयमा चलअचल आर्थिक सहयोग गर्नु हुने व्यक्ति वा संस्थालाई चन्दादाताको रूपमा देहाय बमोजिममा वर्गीकरण गरी सम्मान प्रदान गर्ने छ । तर आफूले कबोल गरेको रकम पूर्ण रूपमा पूर्ण रुपमा प्रदान नगरे पनि जति रकम प्रदान गरेको छ सोही श्रेणीको चन्दादातामा नाम समावेश गरिनेछ ।

(१) रु. १,००,०००/– एकलाख भन्दा माथि चन्दा प्रदान गर्ने वरिष्ठ संरक्षक चन्दादाता

(२) रु. ५०,०००/– पचासहजार देखि ९९,९९९ सम्म प्रदान गर्ने संरक्षक चन्दादाता

(३) रु. २५,०००/– देखि ४९,९९९ सम्म प्रदान गर्ने वरिष्ठ सल्लाहकार चन्दादाता

(४) रु. १०,०००/– देखि २४,९९९ सम्म प्रदान गर्ने सल्लाहकार चन्दादाता

(५) रु. ५,०००/– देखि ९,९९९ सम्म प्रदान गर्ने सहयोगी चन्दादाता

(६) रु. १,०००/– देखि ४,९९९ सम्म प्रदान गर्ने साधारण चन्दादाता

(७) रु. १०१/– देखि ९९९ सम्म प्रदान गर्ने सामान्य चन्दादाता

स्पष्टीकरण : क्याम्पसको संस्थापना कालमा आ–आफ्नो गच्छे अनुसारको आर्थिक सहयोग दिने व्यक्ति तथा संस्थालाई ७.२. (क) को वर्गीकरण अनुसारका चन्दादाताहरुलाई संस्थापक चन्दादाता भनिनेछ । सभामा उनीहरूको सहभागीता र प्रतिनिधित्व विधानको दफा २१. (ख) को (२) देखि (८) बमोजिम हुनेछ ।

७.३. *चन्दादाता वा निजको उत्तराधिकारी :*

क्याम्पसलाई दफा ७.२ (क) अनुसार चन्दा प्रदान गर्ने व्यक्ति तथा संस्थाहरु आफू असक्त भै चन्दादाताको जिम्मेवारी वहन गर्न असमर्थ भएमा निजले इच्छाएको परिवार मित्रको साबालक व्यक्ति चन्दादाताको उत्तराधिकारी हुन सक्नेछ । तर उत्तराधिकारी तोक्नु अगाडि चन्दादाताको मृत्यु भएमा परिवारका बाँकी सदस्यको सामुहिक इच्छा अनुसारको साबालक व्यक्तिलाई चन्दादाताको उत्तराधिकारीमा चयन गरिने छ । चन्दादाता वा चन्दादाताको उत्तराधिकारीको अभिलेख समितिले तोके बमोजिमको ढाँचामा राखिने छ ।

७.४. *अचल सम्पति पनि चन्दाको रुपमा प्रदान हुने :*

विधानको दफा ७.२.मा उल्लेख भए अनुसार अचल सम्पति पनि प्रदान गर्न सकिनेछ । प्राप्त हुन आएको अचल सम्पति बिक्री गर्न सकिने भए बिक्रीको मूल्य र बिक्री गर्न नसकिने भए समितिले आन्तरिक मूल्याङ्कन गरी मूल्य निर्धारण गरेर चन्दादातालाई सम्मान प्रदान गर्न सक्नेछ ।

## परिच्छेद – ८

## आचारसंहिता

*८.१. सञ्चालक समितिको आचारसंहिता :*

(क) क्याम्पसको विकास र हितलाई सर्वोपरि प्राथमिकता दिनुपर्ने ।

(ख) संस्थागत कार्यमा व्यक्तिगत हित हुने गरी कार्य गर्न नहुने ।

(ग) क्याम्पसको हित विपरीत कार्य गर्ने र गोपनीयता भङ्ग गर्न गराउन नहुने ।

(घ) क्याम्पसको विधान र नियमहरूको पालना गर्नुपर्ने ।

*८.२. शिक्षक र कर्मचारीहरूको आचारसंहिता सम्बन्धी व्यवस्था :*

(क) क्याम्पसको विकास र हितलाई प्राध्यापक र कर्मचारीले सर्वोपरि प्राथमिकता दिनुपर्नेछ ।

(ख) क्याम्पसमा आइपरेका समस्या समाधानमा क्याम्पस प्रमुखलाई सबै प्राध्यापक र कर्मचारीले सहयोग गर्नुपर्नेछ ।

(ग) क्याम्पसमा भएका कामकारबाही, पत्र आदिका बारेमा गोपनीयता राख्नुपर्नेछ ।

(घ) क्याम्पसभित्र,आफ्नो आचरण तथा नैतिकता शुद्ध राखी पवित्र भावनाले अभिप्रेरित भई काम गर्नुपर्नेछ ।

(ङ) आफूलाई तोकिएको कार्यभारको उत्तरदायित्व वहन गर्नु सम्पूर्ण शिक्षक तथा कर्मचारीको नैतिक जिम्मेवारी हुनेछ ।

(च) संस्थागत कार्यमा व्यक्तिगत हित हुने गरी कार्य गर्न पाइने छैन ।

अध्यक्ष

## परिच्छेद – ९

### प्राध्यापक संघ, कर्मचारी संघ र स्वतन्त्र विद्यार्थी युनियन

*९.१. प्राध्यापक संघ :*

क्याम्पसमा कार्यरत प्राध्यापकहरूको पेसागत हक र हितका निमित्त एक क्याम्पस प्राध्यापक संघ गठन गर्न सकिनेछ ।

*९.२. कर्मचारी संघ :*

क्याम्पसमा कार्यरत कर्मचारीहरूको पेसागत हक र हितका निमित्त एक क्याम्पस कर्मचारी संघ गठन गर्न सकिनेछ ।

*९.३. स्वतन्त्र विद्यार्थी युनियन :*

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको एक स्वतन्त्र विद्यार्थी युनियन गठन गर्न सकिनेछ ।

अध्यक्ष

## परिच्छेद – १०

## विविध

*१०.१. विविध :*

(क) यही विधान अन्तर्गत रही क्याम्पसको आवश्यकताअनुसार विनियम बनाउन सकिनेछ ।

(ख) माथि नसमेटिएका सम्पूर्ण कार्यहरू क्याम्पस सञ्चालक समितिले गर्ने गराउनेछ ।

(ग) क्याम्पस सञ्चालन हुन नसकी बन्द भएमा यस क्याम्पसको चलअचल सम्पत्ति नेपाल सरकार वा यस क्याम्पसलाई सम्बन्धन दिने विश्वविद्यालयको स्वामीत्वमा जानेछ ।

(घ) लागु हुने मिति : यो विधान क्याम्पस सभाबाट पारित भएको मिति २०७३/०५/२५ देखि लागु हुनेछ ।

(ङ) बाधा अड्काउ फुकाउने : यो विधान लागु हुनु अघि भए गरेका काम कार्वाहीहरु यसै विधान बमोजिम भए गरेको मानिनेछ ।

(च) विधान संशोधन

क्याम्पसको विधानमा उल्लेखित परिच्छेद, दफा, उपदफा देहाय बमोजिम बाहेक अन्य प्रक्रियाबाट थपघट संशोधन वा परिमार्जन गर्न पाइनेछैन ।

१. विधानमा लेखिएका कुनै कुरा थपघट, संशोधन वा परिमार्जन गनुपर्ने भएमा संचालक समितिको निर्णले संचालक समितिका सदस्यको संयोजकत्वमा बढीमा तीन सदस्य सम्मको उपसमिति गठन गर्न सक्नेछ ।

२. उपसमितिबाट तयार भएको मस्यौदा संचालक समितिको बहुमतले पारित गरेमा पारित मस्यौदा मात्र क्याम्पस सभामा पेश गरीनेछ ।

३. क्याम्पस सभाको उपस्थित संख्याको २/३ बहुमतले स्वीकृति दिएमा मात्र विधान संशोधन वा परिमार्जन भएको मानिने छ । यसको प्रमाणीकरण क्याम्पस सभा अध्यक्ष र सञ्चालक समिति अध्यक्षले गर्नुपर्नेछ ।

अध्यक्ष

## अनुसूची-१

दफा १.४ सँग सम्बन्धित

(स्याम्पसको छाप)



अध्यक्ष

## अनुसूची-२

क्याम्पसको संगठनात्मक संरचना

मिति २०६८ आषाढ ७ गते मंगलबार बसेको सर्वपक्षीय भेलाले समेत पारित गरी मिति २०६९ भाद्र ९ गते शनिबार बसेको क्याम्पस सभामा पेश भई सर्वसम्मतीले पारित तथा अनुमोदित विधानलाई क्याम्पस सञ्चालक समिति सदस्य कृष्णप्रसाद घिमिरे संयोजक रहेको विधान संशोधन उपसमितिद्वारा चौथो संशोधित विधान (मिति २०७१ मंसिर ११ गते बसेको आठौं क्याम्पस सभाद्वारा सर्वसम्मतीले पारित तथा अनुमोदित ) लाई क्याम्पस सञ्चालक समितिका सदस्य खेमराज कार्की संयोजक रहेको विधान संशोधन उपसमितिद्वारा पाँचौ संशोधित र मिति २०७३ साल भाद्र २५ गते बसेको दशौं क्याम्पस सभाद्वारा सर्वसम्मतीले पारित तथा अनुमोदित ।